दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं, ३ नं. प्रदेश, नेपाल

पत्र संख्या :२०७६/०७७
चलानी न : 283

मिति: २०७६/०५/०४

विषय : सेवा करारमा लिने सम्बन्धी सूचना।

(सूचना प्रकाशित मिति : २०७६/०५/०५)

यस दक्षिणकाली नगरपालिकाको लागि देहाय बमोजिमका पदमा देहाय बमोजिमको संख्या र योग्यता भएका नगर प्रहरी ६ महिनाको लागि सेवा करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.dakshinkalimun.gov.np बाट उपलब्ध हुनेछ ।

तपसिल

क्र.सं	विज्ञापन नं.	पद	तह	आवश्यक संख्या	मासिक तलब स्केल	दरखास्त दस्तुर
१.	०१/२०७६/०७७	नगर प्रहरी	अ.स.ई	१	१६०००	३००
२.	०२/२०७६/०७७	नगर प्रहरी	हवल्दार	२	१५०००	२००
३.	०३/२०७६/०७७	नगर प्रहरी	जवान	१२	१४०००	१००

क) योग्यता र दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु :

नेपाल सरकारको सुरक्षा नियकाय वा म्यादी प्रहरीमा काम गरेको प्रमाणपत्रको प्रतिलिपी, क्र.सं. १ र २ को लागि कम्तिमा एसएलसी उत्तिर्ण र अन्यको हकमा कक्षा ८ पास वा सो सरह पास गरेको प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ। पेश गरिने सबै कागजातको प्रतिलिपीमा पछाडी उम्मेद्वार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

ख) उमेर हद सम्बन्धमा :

सुरक्षा निकायबाट अवकाश प्राप्त भएकाहरुको हकमा ५० वर्ष ननाघेको र अन्यको हकमा ३५ वर्ष ननाघेको हुनु पर्नेछ ।

ग) परीक्षा कार्यक्रम : दरखास्त स्वीकृत भएको उम्मेदवारको शारीरिक तन्दुरुस्तीको परीक्षण पश्चात अन्तर्वार्ताको मिति प्रकाशन गरिनेछ ।

घ) परीक्षा किसिम :

- शारीरिक तन्दुरुस्ती, निरोगिता र अन्तरवार्ता । (पुरुष १००० मिटर दौड र महिला ५०० मिटर दौड)
- शारीरिक तन्दुरुस्तीको हकमा नेपाल प्रहरीको लागि चाहिने न्यूनतम मापदण्ड पुरा यस प्रकार छ :-

सि.नं.	विवरण	पुरुष (न्यूनतम)	महिला (न्यूनतम)
१	उचाई	५ फिट २ इन्च	५ फिट
२	छाती	३१-३३ इन्च	-
३	वजन	५० के.जी.	४२ के.जी.
४	आँखा परीक्षण	+२ देखि -२ भन्दा कमजोर नभएको वा सो सरहको आँखा जाँच रिपोर्ट	+२ देखि -२ भन्दा कमजोर नभएको वा सो सरहको आँखा जाँच रिपोर्ट

ङ) आवेदन दिने तरिका : आवश्यक कागजात सहित तोकिएको शुल्क राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, फर्पिङ शाखामा खोलिएको यस नगरपालिकाको सञ्चित कोष खाता नं. १२००३०४०१८१०४ मा जम्मा गरि सक्कल भौचर अथवा नगरपालिकाको राजश्व शाखामा नगद तिरी प्राप्त नगदी रसिदको सक्कल संलग्न राखी दरखास्त फारम भरी आवेदक स्वयम्ले आवेदन दिनु पर्नेछ ।

च)अन्य:

१. कर्मचारी छनौट गर्ने तथा नगर्ने र उक्त विज्ञापन आंशिक वा पूर्ण रुपमा रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार दक्षिणकाली नगरपालिकामा निहित हुनेछ ।
२. नगर प्रहरी छनौट पश्चात नगरपालिका क्षेत्र भित्र रही तोकिए बमोजिमको कामकाज गर्नुपर्नेछ ।
३. बिदा लगायत अन्य सेवा तथा सुविधाको हकमा नगरपालिकासंग हुने करार सम्झौता बमोजिम हुनेछ ।
४. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनु पर्नेछ ।
५. सूचनामा उल्लेख भए बाहेकका अन्य आवश्यक कुराहरु उम्मेद्वार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
६. दक्षिणकाली नगरपालिका क्षेत्रभित्रका उम्मेदवारलाई विशेष ग्राह्यता प्रदान गरिनेछ ।
७. थप जानकारीको लागि नगरपालिकाको सम्पर्क नं. ०१-४७१००२८ मा सम्पर्क गर्न सक्नु हुनेछ वा नगरपालिकाको ईमेल info@dakshinkalimun.gov.np मा पत्राचार गरी समेत बुझ्न सक्नु हुनेछ ।

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत